# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।१५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी दिलिप कार्की रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी दिलिप कार्की रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. दिलिप कार्की** (वि.अ. को मु.नं. ०७८-CR-०००२), वि.अ. को फैसला मिति २०८०।०६।२५) | **रकम हिनामिना एवं हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।** | प्रहरी सहायक निरीक्षक दिलिप कार्की प्रहरी पेट्रोल पम्पमा पदीय हिसाबले कार्यरत रहदा निजले बिक्री भएको तेलको वास्तविक रकम दाखिला नगरी रु.१,०३,९७,९३७।५४ (एक करोड तीन लाख सन्तानब्बे हजार नौ सय सैतिस रुपैयाँ चौवन्न पैसा) हिनामिना एवं हानी नोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा निज प्रतिवादी दिलिप कार्कीलाई सोही दफाको प्रावधान बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को खण्ड (झ) बमोजिमको सजाय हुन तथा हानी नोक्सानी गरेको उक्त बिगो रु.१,०३,९७,९३७।५४ (एक करोड तीन लाख सन्तानब्बे हजार नौ सय सैतिस रुपैयाँ चौवन्न पैसा) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिईएको। | **फैसलाः**<br>प्रतिवादी दिलिप कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा सोही ऐनको दफा ३(१)(ज) बमोजिम ६ वर्ष कैद र बिगो रु ६०,७५,२८८।१६(साठी लाख पचहत्तर हजार दुई सय अठासी रुपैयाँ सोह्र पैसा मात्र) बराबरको जरिवानाको सजाय हुने ठहर्छ भनी मिति २०८०/०६/२५ मा फैसला भएको।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादी दिलिप कार्कीलाई आरोपदावी भन्दा फरक बिगो कायम गरी फैसला गर्दा लिएका आधारहरुः**<br>**क.** प्रहरी प्रधान कार्यालय मानव स्रोत एंव प्रशासन विभाग कल्याण महाशाखाको मिति २०७७/०५/०८ च.नं. ३३६ को पत्रबाट प्रतिवादी दिलिप कार्कीले रु ४३,२२,६४९।३८ भक्तानी गरेको देखिँदा बिगो रु १,०३,९७,९३७।५४ मा भुक्तानी गरेको रकम रु ४३,२२,६४९।३८ घटाउँदा हुन आउने रकम रु ६०,७५,२८८।१६(साठी लाख पचहत्तर हजार दुई सय अठासी रुपैयाँ सोह्र पैसा मात्र) प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानि नोक्सानी गरेको।<br>**ख.** प्रतिवादी दिलिप कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा सोही ऐनको दफा ३(१)(ज) बमोजिम ६ वर्ष कैद र विगो रु ६०,७५,२८८।१६(साठी लाख पचहत्तर हजार दुई सय अठासी रुपैयाँ सोह्र पैसा मात्र) बराबरको जरिवानाको सजाय हुने। | **क.** विशेष अदालत काठमाडौंले प्रतिवादी दिलिप कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर ठहर्‍याई बिगोको हकमा आरोपदावी भन्दा कम बिगो कायम गरी फैसला गरेको। प्रहरी सहायक निरीक्षक दिलिप कार्कीले प्रहरी पेट्रोल पम्प, नक्सालमा आ.व. २०७४/०७५ मा ग्राहक नं MO19 दिलिप कार्की भन्ने कृतिम खाता खोली बिक्री भएको इन्धनको मूल्य सोही खातामा निजले नै प्रविष्ट गरेको। यसरी निजले देखाएको बिक्री अभिलेख, प्राप्त कर बिजक तथा पार्टी लेजरबाट समेत रु.६१,९३,०४३।५२ बिक्री भएको भन्ने देखाएकोमा उक्त आ.व.मा निज दिलिप कार्कीले जम्मा रु.१०,७१,०००।- मात्र दाखिला गरेको देखिएकोले रु.५१,२२,०४३।५२ (एकाउन्न लाख बाइस हजार त्रिचालीस रुपैयाँ वाउन्न पैसा) हिनामिना गरेको देखिएको, त्यस्तै आ.व. २०७५/०७६ मा ग्राहक नं MO19 व्युरो अफिस भन्ने कृतिम खाता खोली सोही खाताबाट बिक्री भएको देखाएको। निजले देखाएको आ.व.२०७५/०७६ को बिक्री अभिलेख प्राप्त कर बिजक तथा पार्टी लेजरबाट समेत रु.८३,६३,३९४।०२ को बिक्री भएको भन्ने देखिएकोमा उक्त आ.व.मा निज दिलिप कार्कीले रु.१,००,०००।- मात्र दाखिला गरेको देखिएकोले रु.८२,६३,३९४।०२ (बयासी लाख त्रिसठ्ठी हजार तीन सय चौरानब्बे रुपैयाँ दुई पैसा) हिनामिना गरेको देखिएको। आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ समेत गरी कुल जम्मा (५१,२२,०४३।५२ + ८२,६३,३९४।०२) रु.१,३३,८५,४३७।५४(एक करोड तेत्तीस लाख पचासी हजार चार सय सैतिस रुपैयाँ चवन्न पैसा) हिनामिना गरेको।<br>**ख.** प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको च.नं. ३३६ मिति २०७७/५/८ को पत्रमा निज दिलिप कार्कीले हाल सम्म रु.४३,२२,६४९।३८ (त्रिचालीस लाख बाइस हजार छ सय उन्चास रुपैया अठ्तिस पैसा) दाखिला गरेको भनी उल्लेख भएको देखियता पनि उक्त पत्रसाथ संलग्न बिलहरुबाट देहाय बमोजिमको विवरणमा उल्लेखित रकम जम्मा रु २९,८७,५००/- मात्र प्रतिवादीले दाखिला गरेको मिसिल संलग्न बिलहरुबाट देखिएको,<br>**ग.** विशेष अदालतले बिगो कायम गर्दा आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ समेत गरी कुल हिमामिना गरेको जम्मा नगद रु.१,३३,८५,४३७।५४(एक करोड तेत्तीस लाख पचासी हजार चार सय सैतिस रुपैयाँ चवन्न पैसा) मध्ये प्रतिवादीले विभिन्न रसिद नं.बाट दाखिला गरेको नगद रु २९,८७,५००/- घटाई नगद (१३,३८,५४३७।५४ - २९,८७,५०० = १,०३,९७,९३७ ।५४) नगद रु १,०३,९७,९३७।५४ (एक करोड तीन लाख सन्तानब्बे हजार नौ सय सैतिस रुपैयाँ चौवन्न पैसा) बिगो कायम गर्नु पर्नेमा आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ गरी कुल जम्मा रु.१,३३,८५,४३७।५४ हिनामिना भएको रकमको प्रतिवादीले दाखिला गरेको नगद रु २९,८७,५००/- घटाई हुने बिगो रकम नगद रु १,०३,९७,९३७।५४ मा प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको च.नं. ३३६ मिति २०७७/५/८ को पत्रमा निज दिलिप कार्कीले हाल सम्म रु.४३,२२,६४९।३८ दाखिला गरेको भनी उल्लेख भएको विवरणलाई आधार मानी मागदावी बिगो नगद रु १,०३,९७,९३७।५४ मा नगद रु.४३,२२,६४९।३८ घटाई (१,०३,९७,९३७।५४ - ४३,२२,६४९।३८ = ६०,७५,२८८।१६) नगद रु ६०,७५,२८८।१६/- मात्र कायम गरेको बिगो मिलेको नदेखिएको। आरोपत्रमा नै प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | च.नं. ३३६ मिति २०७७/५/८ को पत्रमा निज दिलिप कार्कीले हाल सम्म रु.४३,२२,६४९।३८ (त्रिचालीस लाख बाइस हजार छ सय उन्चास रुपैया अठ्तिस पैसा) दाखिला गरेको भनी उल्लेख भई आएकोमा अनुसन्धानको क्रममा संकलित मिसिल संलग्न नगदी रसिदहरुबाट नगद  रु.२९,८७,५००।- (उनन्तीस लाख सतासी हजार पाँच सय) मात्र निज दिलिप कार्कीको नामबाट दाखिला गरेको भन्ने देखियो भनी आरोपपत्रमा उल्लेख गरेकोमा सो तथ्यलाई नै गलत तरिकाले व्याख्या गरी कम बिगो कायम गरेको देखिएको हुँदा आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ समेत गरी कुल हिमामिना गरेको जम्मा नगद रु १३,३८,५४३७।५४ मध्ये प्रतिवादीले विभिन्न रसिद नं.बाट दाखिला गरेको नगद रु २९,८७,५००/- घटाई हुन आउने बिगो (१३,३८,५४३७।५४ - २९,८७,५०० = १०३९७९३७ ।५४) नगद रु १,०३,९७,९३७।५४ (एक करोड तीन लाख सन्तानब्बे हजार नौ सय सैतिस रुपैयाँ चौवन्न पैसा) बिगो कायम गरि सोही बमोजिम आरोप मागदावी बमोजिम सजाय गरी पाउन मागदाबी लिइएको।<br><br>**घ.** प्रतिवादी दिलिप कार्की उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो नगद रु १,०३,९७,९३७।५४(एक करोड तीन लाख सन्तानब्बे हजार नौ सय सैतिस रुपैयाँ चौवन्न पैसा) असुल उपर गर्ने तर्फ समेत मागदावी रहेकोमा विशेष अदालतले फैसलाको सजाय-निर्धारण खण्डमा बिगो रु ६०,७५,२८८।१६ बराबरको जरिवानाको सजाय हुने भनी उल्लेख भएको तर बिगो असुल उपर तर्फ फैसलाको ठहर खण्डमा केही नबोली तपसिल खण्डको २ नं. बुदाँमा बिगो असुल गरी सो को जानकारी यस दालतलमा अनिवार्य पठाइदिनु भन्ने सम्म उल्लेख गरेको हुँदा बिगो असुल उपरको हकमा समेत आरोपदावी बमोजिम नगद रु १,०३,९७,९३७।५४(एक करोड तीन लाख सन्तानब्बे हजार नौ सय सैतिस रुपैयाँ चौवन्न पैसा) प्रतिवादी दिलिप कार्कीबाट असुल उपर हुन मागदाबी लिइएको। |